नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
............. शाखा
काभ्रेपलाञ्चोक
☎ ०११-४९०१२३, ०११-४९०३२०, ०११-४९०२२३
टे.फ्या.नं.: ०११-४९०२२३
ईमेल: daokavre@gmail.com
धुलिखेल

प.सं.:
च.नं.:

मिति: २०८२/०७/०२
ने.सं. ११४५

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक

# सूचना !

नेपालीहरुको महान चाड शुभ दिपावली २०८२, नेपाल संवत ११४६ तथा छठ पर्वको उपलक्ष्यमा नेपाली दिदी बहिनी तथा दाजु भाइ सबैमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

ऐतिहासिक महत्व बोकेका सांस्कृतिक गौरवका यी चाडपर्वहरु सामाजिक सदभाव र भाईचारा कायम गर्दै न्यायपूर्ण समाज निर्माण गर्न प्रेरक रहेका छन् । चाडपर्वहरुको यस अवसरमा शान्ति सुरक्षामा असर पर्ने गरी सार्वजनिक स्थानमा हो-हल्ला एवम् झै-झगडा गर्ने, मादक पदार्थको सेवन गरी पारिवारिक एवम् सामाजिक जनजीवन तथा सार्वजनिक मर्यादा र शान्ति खलल गर्ने, कानून विपरीत जुवातास, लङ्गुरबुर्जा खेल्ने खेलाउने, भुइँचम्पा, पटका, आतसबाजी जस्ता विपद् जोखिम निम्त्याउने तथा वातावरण प्रदुषण हुने विस्फोटक एवम् प्रज्वलनशील पदार्थको प्रयोग, ओसार पसार, बिक्री वितरण गर्ने जस्ता कार्य नगर्न/नगराउन अनुरोध छ । कानूनले निषेध गरेका यस्ता गतिविधि गरे / गराएमा कानून बमोजिम कारवाही भईजाने व्यहोरा समेत सूचित गरिन्छ।

साथै, देउसी भैलो लगायतका सांस्कृतिक कार्यक्रमहरु मर्यादित, अनुशासित एवम् व्यवस्थित ढङ्गले सञ्चालन गर्न गराउनुहुन अनुरोध छ ।

सूचनामा उल्लेखित कुराहरुको बर्खिलाप हुने गरी कोही कसैले कुनै गतिविधि गरे / गराएको पाईएमा नजिकैको प्रहरी चौकि वा जिल्ला प्रहरी कार्यालय धुलिखेल काभ्रेपलाञ्चोकका सूचना अधिकारीको मोवाइल नं. ९८५१२३७३३९ मा सम्पर्क गरी जानकारी गराउनु हुन समेत अनुरोध छ ।

**देउसी भैलोका कार्यक्रमहरु राति ९:३० बजे पछि संचालन नगर्नु हुन अनुरोध गरिन्छ ।**

२०८२/७/२

प्रशासकीय अधिकृत